# रोङ्माप्रुक्पा अम्थो (Amdo, Rongmahbrogpa)




**Population:**
146,800 (2000)
180,800 (2010)
222,700 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** 20

इन्टरनेशनल मिशन बोर्डको विवरणअनुसार १,८९,००० जना रोङ्मा प्रुक्पा भाषा बोल्ने मानिसहरू चीनमा छन्। कन्सु प्रान्तको दक्षिण-पश्चिमी भागमा पर्ने श्याहा नगर यिनीहरूको मुख्य वासस्थान हो। यो भाषा, नजिकमा रहेको चिङ्गहाइ प्रान्तको तङ्गरेण जिल्लामा पनि बोलिन्छ।

जाति र संस्कृतिमा रोङ्मा प्रुक्पा मानिसहरू तिब्बतीहरू भए तापनि यिनीहरू अन्य तिब्बतीहरूभन्दा भिन्नै भाषा बोल्दछन्। रोङ्मा प्रुक्पा भन्ने तिब्बतीय शब्द रोङ्मा (जसको अर्थ गाउँले अथवा किसान) र प्रुक्पा (जसको अर्थ घुमन्ते अथवा गोठाला) भन्ने शब्दहरू जोडिएर बनेको हो।

रोङ्मा प्रुक्पा भाषामा दुई अथवा त्योभन्दा बढी प्रान्तीय बोलीहरू छन्। यो भाषा पश्चिमी-भोटी भाषामा पर्ने तिब्बतीय भाषा हो। तिब्बतीहरू एक-अर्काको भाषालाई बुझ्न नसकिए तापनि एउटै लिपिलाई प्रयोग गर्छन्।

अम्थोहरू बाहिरी रूपमा तिब्बतीय बुद्ध धर्म माने तापनि अहिलेको समयहरूमा पुरानो बोन धर्म उनीहरूको बीचमा फेरि सक्रिय हुन थालेको छ। बोन धर्म भूतात्माहरू र तान्त्रिक गुरुहरूमा केन्द्रित भएको धर्म हो। बलि चढाउनु, आत्माहरूको क्रोधलाई हटाउन मन्त्र तन्त्र गर्नु र रोगीहरूलाई निको पार्नु, यो तान्त्रिक गुरुहरूको काम हो। कुनै विशेष अनुभव भएको गुरुहरू बेहोस अवस्थामा आत्माहरूको संसारमा लगिएर ती आत्माहरू प्रकट हुने माध्यम बन्छन् र यो तान्त्रिक गुरुहरूसँग-सँगै समाजमा मन्त्र गर्नेहरू, र रोग निको पार्ने काम गर्नेहरू पनि हुन्छन्।




द ख्रीष्टियन एण्ड मिशनरी एलायन्सले सन् १९२० मा श्याहामा काम सुरु गरेको थियो। बुद्ध धर्मको किल्ला भएको श्याहामा यिनीहरूले थोरै मात्र फल देख्न सके। एक जना सेवकले यसरी लेख्नुभयो: "मलाई कठिनाइपूर्ण कुरा जस्तै लाग्नुचाहिँ यिनीहरूको खान्की हो। तिब्बतीहरूको खान्की खानु गाह्रो कुरा हो; पछ्याउनु झनै गाह्रो कुरा, तापनि यो जिल्लाहरूमा सेवा गर्ने मिशनरीहरूले यो खानै पर्छ; नखानु त्यो घरको मान्छेलाई बेइज्जत गर्नु समान हुन्छ; सुसमाचार सुनाउने मौका पाउँदैन"। सन् १९९८ मा येशूको चलचित्र अम्थो भाषामा अनुवाद गरिएको थियो।

## संक्षेप:

**अन्य नामहरू:** Made, Labrang, Amdo, Rongmahbrogpa

**जनसंख्या:** चीन : १,८९,००० (Joshua Project)

**भाषा-परिवार:** चीनी-तिब्बती, तिब्बती-बर्मी, भोटी, भोटिया, उत्तरी तिब्बती भाषा

**उपभाषाहरू:** २

**बुद्ध धर्म:** ९९%

**इसाई धर्म:** ०.१%

**बाइबल:** छ

**येशू चलचित्र:** छ

**सुसमाचारिय रेकर्डिङ:** छ

**ख्रीष्टिय प्रसारण:** छैन

